स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



"आ बाट आमा २" असोज ३० गतेबाट प्रदर्शनमा आउने भएको छ। दसैंको फूलपातीका दिनदेखि देशव्यापी तथा विदेशमा पनि फिल्म प्रदर्शन गर्न लागिएको हो। निर्माण युनिटले वितरकसँगको छलफलमा फिल्मको रिलिज मिति दसैंमा फाइनल भएको जनाएको छ। आर्य इन्टरटेन्मेन्टको ब्यानरमा निर्माण भएको फिल्मको रिलिज मितिसँगै क्रोएसिया प्रदर्शन अधिकार (राइट्स) बिक्री भएको छ।

आजको विचार...



वैकल्पिक...
(दुई पेजमा)

डा. गणेशप्रसाद खनाल

भदौ १९ गतेबाट प्रदर्शनमा आउने चलचित्र "बा: एक योद्धा"को नयाँ पोस्टर सार्वजनिक भएको छ। पोस्टरले चलचित्र "बा: एक योद्धा" पूर्ण पारिवारिक सिनेमा रहेको झल्काएको छ। सपरिवार बसेर तस्बिर खिचाइरहेको जस्तो देखिएको पहिलो पोस्टरमा दिव्यदेव र झरना थापा बसिरहेका छन्। सुहाना थापा, सागर खनाल र सुप्रज्ञा शर्मा पछाडि उभिएका छन्। भर्खरै रातो माटोले लिपपोत गरेर चिटिक्क पारिएको घरले दसैंको समयको संकेत गरिरहेको छ। साथमा कुकुर पनि छन्। यसले मध्यम बर्गीय परिवार रहेको अनुमान लगाउन सकिन्छ।



❐ वर्ष ३१ ❐ अंक ३४२ ❐ २०८३ असार २६ गते शुक्रबार 10 July 2026, Friday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# नियमित अन्तरराष्ट्रिय उडानको प्रतीक्षामा गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल

**राधेश्याम विश्वकर्मा/रासस——**

**भैरहवा (रुपन्देही),** असार २५/ विमानस्थलको अन्तरराष्ट्रिय टर्मिनल चिटिक्क परेको छ । अत्याधुनिक भवन, चम्किला काउन्टर, एक्स-रे मेसिन, अध्यागमन डेस्क, प्रस्थान कक्ष र धावनमार्ग सबै तयारी अवस्थामा छन् तर यात्रुहरुको भीड छैन । कहिलेकाहीं चार्टर उडान आउँछ, केही यात्रु ओर्लिन्छन् र फेरि तिनै उक्त विमानमा चढेर फर्किन्छन् अनि फेरि विमानस्थल पहिलेकै सन्नाटामा फर्किन्छ । चार वर्षअघि नेपालकै दोस्रो अन्तरराष्ट्रिय विमानस्थलका रुपमा ठूलो उत्साहका साथ सञ्चालनमा आएको भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल आज पनि नियमित अन्तरराष्ट्रिय उडानको प्रतीक्षामा छ । अर्बौं रुपैयाँको लगानी, आधुनिक पूर्वाधार र सरकारले दिएको आकर्षक सहुलियतका बाबजुद विमानस्थलले अपेक्षित गति लिन सकेको



छैन । विमानस्थल प्रशासन, निजी क्षेत्र र पर्यटन व्यवसायीसँग गरिएको कुराकानीले एउटा साझा निष्कर्ष देखाउँछ । समस्या धावनमार्ग वा भवनको होइन, नीति, बजार व्यवस्थापन र निर्णय क्षमताको हो ।

गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलका निमित्त महाप्रबन्धक श्यामकिशोर साहका अनुसार पछिल्लोपटक थाई एयर एसियाले बैंकक-भैरहवा-बैंकक रुटमा हप्ताको दुई दिन नियमित उडान सञ्चालन गरेको थियो तर त्यो मार्चसम्मको 'विन्टर सिड्युल'सम्म मात्र सीमित रह्यो । अहिले 'समर सिड्युल' सुरु भइसकेकाले अक्टोबरसम्म कुनै नियमित अन्तरराष्ट्रिय उडान छैन । बीचबीचमा चार्टर उडान भने भइरहेका छन् । साहका अनुसार वायुसेवा कम्पनीले नियमित सेवा बन्द गर्नुको मुख्य कारण यात्रु अभावलाई देखाएका छन् । "जहाज आउँछ तर अपेक्षित 'अकुपेन्सी' हुँदैन । जानेबेला केही यात्रु भए पनि फर्कंदा जहाज खाली जस्तै हुन्छ । व्यावसायिक कम्पनीले नाफा हेर्ने भएकाले यस्तो अवस्थामा नियमित उडान टिकाउन कठिन हुन्छ", उनी भन्छन् । तर उनी यात्रु नै नभएको निष्कर्षसँग पूर्ण रुपमा सहमत हुँदैनन् । "लुम्बिनी प्रदेश मात्रै होइन, मधेस, कोशी, सुदूरपश्चिमलगायत विभिन्न प्रदेशबाट विगतमा यात्रु भैरहवा आउँथे । यात्रुको सम्भावना छ । समस्या यात्रु व्यवस्थापनमा भयो", उनको भनाइ छ । साहका अनुसार अन्तरराष्ट्रिय उडान सफल बनाउन एयरलाइन्स मात्र पर्याप्त हुँदैनन् । यात्रुलाई जहाजसम्म पुऱ्याउने सम्पूर्ण प्रणाली सक्रिय हुनुपर्छ । "वैदेशिक रोजगारीमा जाने श्रमिक पठाउने म्यानपावर कम्पनी, टिकट बिक्री गर्ने ट्राभल एजेन्सी र जनरल सेल्स एजेन्ट (जिएसए) सबैले मिलेर काम गर्नुपर्थ्यो । त्यो हुन सकेन", उनले भने । उनका अनुसार कतिपय विदेशी वायुसेवा कम्पनी भैरहवामा उड्न इच्छुक भए पनि उनीहरुको नेपालस्थित जनरल सेल्स एजेन्ट काठमाडौंमै केन्द्रित छन् । उनीहरुको सम्पूर्ण व्यापारिक संरचना राजधानीमै भएकाले उनीहरुले यात्रुलाई पनि काठमाडौंबाटै उडाउन बढी जोड दिने गरेका छन् । "काठमाडौंका जिएसएले स्थानीय ट्राभल एजेन्सीसँग पर्याप्त सहकार्य गरेनन् । भाडामा केही सहुलियत दिने, टिकट सहज उपलब्ध गराउने वा संयुक्त रुपमा बजार प्रवर्द्धन गर्ने काम हुन सकेन । त्यसैले जहाजमा यात्रु भर्न कठिन भयो", साहले बताए । उनका अनुसार विमानस्थल सञ्चालनमा पूर्वाधारभन्दा ठूलो चुनौती अहिले यही बजार संरचना बनेको छ । साहको अर्को प्रश्न आफ्नै राष्ट्रिय ध्वजावाहकप्रति छ । नेपाल वायुसेवा निगम र हिमालयन एयरलाइन्सले भैरहवाबाट नियमित अन्तरराष्ट्रिय उडान सुरु गरेको भए विदेशी वायुसेवा कम्पनीलाई पनि सकारात्मक सन्देश जाने थियो । "नेपाली ध्वजावाहकले नै यहाँबाट उडान सुरु गरेको भए वातावरण बन्ने थियो कि ? त्यसपछि विदेशी कम्पनी आउन पनि सहज हुन्थ्यो", उनी भन्छन् । भैरहवाको भविष्य भारतसँग जोडिएका विषयमा पनि साह स्पष्ट देखिन्छन् । भारतीय वायुसेवा कम्पनीले दिल्ली, मुम्बई, कोलकाता, बेङ्गलोरलगायत विभिन्न सहरबाट भैरहवामा सहजै उडान गर्न सक्छन् । त्यसले भारतीय पर्यटक र बौद्ध तीर्थयात्रीको संख्या उल्लेख्य रुपमा बढाउन सक्ने छ तर यसका लागि सरकारी तहबाट आवश्यक पहल हुन नसकेको उनको गुनासो छ । नेपाल र भारतबीचको एयर सर्भिस एग्रिमेन्ट धेरै पुरानो भएकाले त्यसमा गौतमबुद्ध र पोखरा अन्तरराष्ट्रिय विमानस्थल समेटिएको छैन् ।-बाँकी अन्तिम पेजमा...

## संक्षिप्त समाचार

### चीनमा बाढीका कारण ३९ जनाको मृत्यु

(रासस/क्युएनए)

**बेइजिङ,** असार २५/दक्षिणी चीनको गुआङ्सी क्षेत्रमा आएको विनाशकारी बाढीका कारण ज्यान गुमाउनेको स्या बढेर ३९ जना पुगेको र नौ जना अझै बेपत्ता रहेको चीनको सरकारी मिडियाले जनाएको छ । चरम मौसम प्रकोपले यस हप्ता दक्षिणी र मध्य चीनमा विनाश गरेको छ भने गुआङ्सीमा भारी वर्षाका गम्भीर बाढी आएको जनाइएको छ । पछिल्लो समयमा बावी नाम दिएको आँधी पूर्वी प्रान्ततिर गइरहेको जनाइएको छ । चीनको समाचार एजेन्सी सिन्ह्वाले रिपोर्ट गरे अनुसार २६ जनाको मृत्यु लिउलन जलाशयमा बाँध भाँचिएर आएको बाढीका कारण भएको थियो भने सात जना अझै बेपत्ता छन् । एउटा उद्धार टोलीले अर्कातिर फसेका मानिसहरूलाई खाना र आपूर्ति बोकेको ठूलो ड्रोनहरू पठाउँदा जलाशयको पानी अझै पनि बाढीको रुपमा बगिरहेको जनाइएको छ । सिसिटिभीले प्रकाशित गरेको भिडियोमा जलाशय बाँधको टुटेको कन्क्रीटको पर्खालबाट पानीको धार बढ्दै गएको देखाएको छ भने उद्धारकर्मीहरूलाई डुङ्गाहरूमा तैनाथ गरिएको थियो ।

## पूर्व जनचेतनाकर्मी चापागाई अमेरिकीमा निर्वाचित



**पाल्पा,** असार २५/ पूर्व नव जनचेतना राष्ट्रिय दैनिककर्मी सतीश चापागाई अमेरिकाको मेरिल्याण्ड राज्यको निर्वाचन ७ ए बाट हाउस अफ डेलिगेट्सको प्राईमरीमा निर्वाचित भएका छन् । मेरिल्याण्ड राज्य अन्तर्गत डिष्ट्रिक्ट सेभेन ए का लागि डेमोक्रेटिक पार्टीबाट प्राईमरीमा उम्मेदवार बनेका नेपाली मूलका चापागाई अन्य दुई प्रतिस्पर्धीलाई पछाडी पार्दै दोस्रो स्थानमा निर्वाचित भएका हुन् । यो उनको आफ्नै पार्टीभित्र प्राईमरी निर्वाचन हो । जुन २३ मा सम्पन्न निर्वाचनको ९९ प्रतिशत मतगणना हुंदा चापागाईले खसेको कुल १० हजार ४ सय २ मतमध्ये २ हजार ७ सय १८मत प्राप्त गरेका छन् । यो जितसंगै अब चापागाईले नोभेम्बरमा रिपब्लिकन उमेद्वारहरुसंग फेरि चुनाव लड्नुपर्ने हुन्छ । उनका मुख्य प्राथमिकतामा 'अफर्टएबल मेरिल्याण्ड, सेफ कम्युनिटीज र स्ट्रङ विजिनेस' रहेका छन् । बढ्दो महँगी नियन्त्रण, सुरक्षित समाज निर्माण र स्थानीय व्यवसायलाई थप सशक्त बनाउने विषयलाई उनले आफ्नो चुनावी एजेन्डाको केन्द्रमा राखेका छन् । लामो समय पाल्पाबाट प्रकाशित नवजनचेतना राष्ट्रिय दैनिकमा काम गरेका चापागाईं विगत ३० बर्षदेखि पत्रकारिता क्षेत्रमा सक्रिय छन् । नेपाल प्रेस युनियन पाल्पाका पूर्व सभापति समेत रहेका उनी हाल नेप्लिज डायस्पोरा डटकमका प्रधान सम्पादक र सञ्चालक समेत हुन् । सन् २००८ मा अमेरिका गएका चापागाई २०१४ देखि एनआरएनएमा आवद्ध छन् । पाल्पाको रामपुर नगरपालिका१० स्थायी बसोवास भएका चापागाई परिवार सहित अमेरिकामा रहेर पत्रकारिता, समाजसेवा, राजनीति र व्यवसाय गर्दै आएका छन् ।

## आज योगिनी एकादशी व्रत : श्रद्धापूर्वक पूजा-आराधना गरिँदै




**पाल्पा,** असार २५/ हिन्दू धर्मावलम्बी अन्तर्गत स्मार्त समुदायले आज श्रद्धा र भक्तिपूर्वक योगिनी एकादशी व्रत मनाउँदै छन् । प्रत्येक वर्ष असार कृष्ण पक्षको एकादशी तिथिमा पर्ने यो व्रत भगवान विष्णुको आराधना गरी मनाइने गरिन्छ । धार्मिक मान्यताअनुसार योगिनी एकादशीको व्रतले पापबाट मुक्ति, मानसिक शान्ति तथा सुख-समृद्धि प्राप्त हुने विश्वास छ । शास्त्रहरूमा उल्लेख भएअनुसार योगिनी एकादशीको महत्व अत्यन्त विशेष मानिएको छ ।

पद्मपुराणमा वर्णन गरिएअनुसार यस व्रतको प्रभावले अनेकौं पापकर्म नष्ट हुने र मोक्ष प्राप्तिको मार्ग खुल्ने विश्वास गरिन्छ । यस दिन व्रतालुहरूले बिहान स्नान गरी भगवान विष्णुको विधिपूर्वक पूजा-आराधना, तुलसी अर्पण, दीप प्रज्वलन तथा व्रतकथा श्रवण गर्ने परम्परा छ । धार्मिक आस्थाअनुसार व्रत बस्नेहरूले दिनभर अन्न त्याग गरी फलाहार वा निराहार बस्ने तथा राति भजन-कीर्तन र विष्णु नामस्मरण गर्ने चलन रहेको छ । द्वादशी तिथिमा ब्राह्मण वा आवश्यकतामा रहेका व्यक्तिलाई दान-दक्षिणा दिएर व्रत समापन गर्ने परम्परा पनि रहेको छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## मौद्रिक नीतिको प्रभावकारी कार्यान्वयन होस्

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८३/०८४ को मौद्रिक नीति सार्वजनिक गरेको छ । प्रत्येक आर्थिक वर्षका लागि सार्वजनिक गर्दै आएको मौद्रिक नीति यस वर्ष पनि सार्वजनिक गरिएको हो । मौद्रिक नीति अर्थतन्त्रलाई सही दिशामा अघि बढाउने महत्वपूर्ण माध्यम हो । मूल्य स्थिरता कायम गर्ने, वित्तीय प्रणालीलाई सुदृढ बनाउने, लगानी तथा उत्पादनलाई प्रोत्साहन गर्ने र रोजगारी सिर्जनामा सहयोग पुऱ्याउने उद्देश्यले मौद्रिक नीति ल्याइन्छ ।

सार्वजनिक गरिएको मौद्रिक नीतिले सरकारले आगामी आर्थिक वर्षमा राखेको सात प्रतिशतको आर्थिक वृद्धिलाई भरथेग गर्ने गरी लचिलो खालको मौद्रिक नीति ल्याएको छ । राष्ट्र बैंकले मौद्रिक नीतिमा कर्जाको सुरक्षण स्वरूप व्यक्तिगत जमानीबाट असीमित दायित्व सिर्जना हुने अवस्था हटाउने प्रावधानलाई प्राथमिकताको साथमा ल्याएको छ । मौद्रिक नीतिमा चेक अनादरका कारण कालोसूचीमा परी बैंकिङ सेवाको पहुँचमा बाधा पर्ने अवस्था कम गर्नेतर्फ पनि केही सहजीकरण गर्ने उल्लेख छ । राष्ट्र बैंकले रुग्ण उद्योगलाई नयाँ योजना सोच र भिजनसहित अघि बढाउन चाहने कम्पनीलाई पनि प्रवर्द्धन गर्ने खालको नीति मौद्रिक नीतिमा अङ्गीकार गरेको छ ।यसपटकको मौद्रिक नीतिले कर्जा र बैकिङ सुधारमा विशेष जोड दिएको छ । यस मौद्रिक नीतिले मुद्रास्फीति ५ दशमलव ५ प्रतिशतभित्र राख्ने लक्ष्य लिएको छ । नीति तथा बैंकदर र स्थायी निक्षेप सुविधा दर यथावत् राख्ने नीति अवलम्बन गर्दै रुग्ण उद्योगहरूका कर्जा व्यवस्थापनमा विशेष व्यवस्था गरेको छ । यसका साथै दबाबमा रहेका कर्जाको पुनर्संरचनामा सहजीकरण गर्ने, डिजिटल बैकिङ र शाखा व्यवस्थापनमा सुधार गर्ने, कम्तीमा सात महिनाको आयात धान्ने सञ्चिति कायम राख्ने, निजी क्षेत्रको लगानी विस्तारमा जोड दिनेजस्ता नीतिहरू नेपाल राष्ट्र बैंकले आफ्नो मौद्रिक नीतिमा उल्लेख गरेको छ । यसका साथै शेयर धितो र विद्युतीय सवारी कर्जामा सहजीकरण गर्ने र तरलता व्यवस्थापनलाई अझ प्रभावकारी बनाइने नीति पनि यस मौद्रिक नीतिले अघि सारेको छ । नीतिमा उल्लेख गरिएका प्रायः बुँदा अक्षरशः कार्यान्वयन हुने हो भने पक्कै अहिलेको अवस्थामा राम्रै हुन्छ । अर्थतन्त्र जर्जर छ । नागरिक बेरोजगारीको जाँतोमा पिल्सिएका छन् । व्यवसायी मन्दीले रापिएका छन् । उद्यमधन्दा चिसिएका छन् । घरजग्गा कारोबार ठप्प जस्तै छ । बैंकमा पैसा थुप्रिए पनि ऋण लिनेको अभाव भयो । त्यसको प्रत्यक्ष असर बजारमा पर्नु स्वाभाविक थियो । नीतिले बैंकमा थुप्रिएको पैसा बजार पठाउने आशा गर्न सकिन्छ । तसर्थ अहिलेको शिथिल अर्थतन्त्र उकास्न यो मौद्रिक नीति प्रभावकारी कार्यान्वयन हुन जरुरी छ ।

### Opinion @ Social Network

कमजोर त्यो होइन जो हारेर पनि फेरि उठ्छ,
कमजोर त त्यो हो जो उठ्ने प्रयास नै गर्दैन ।
*(कुशल कार्कीको फेसबुक स्टाटसबाट www.facebook.com/Kushal.Karki)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# वैकल्पिक विकास वित्त : नेपालको विकास यात्रामा नयाँ प्रयोग



डा. गणेशप्रसाद खनाल

नेपालले आगामी दशकलाई पूर्वाधार विस्तार, ऊर्जा निर्यात, औद्योगिकीकरण र उच्च आर्थिक वृद्धिको दशक बनाउने लक्ष्य राखेको छ । तर ती महत्त्वाकांक्षी लक्ष्य प्राप्तिका लागि आवश्यक वित्तीय स्रोतको प्रश्न अझै पनि विकास बहसको केन्द्रमा छ । सरकारले हरेक वर्ष महत्त्वाकांक्षी योजना सार्वजनिक गरे पनि सीमित बजेट, बढ्दो सार्वजनिक ऋण, न्यून पूँजीगत खर्च र दीर्घकालीन लगानीको अभावका कारण धेरै परियोजना अपेक्षित गतिमा अघि बढ्न सकेका छैनन् । यही पृष्ठभूमिमा 'वैकल्पिक विकास वित्त परिचालन ऐन, २०८२' लाई नेपालको विकास वित्त प्रणालीमा संरचनागत परिवर्तन ल्याउने प्रयासका रूपमा हेरिएको छ । ऐनले परम्परागत सरकारी बजेट र वैदेशिक ऋणमा आधारित विकास मोडललाई विस्तार गर्दै निजी क्षेत्र, संस्थागत लगानीकर्ता, गैरआवासीय नेपाली तथा अन्तर्राष्ट्रिय पूँजीलाई राष्ट्रिय प्राथमिकताका परियोजनामा परिचालन गर्ने लक्ष्य राखेको छ । यदि प्रभावकारी कार्यान्वयन हुनसकेमा यो ऐनले नेपालको विकास वित्तीय संरचनामा नयाँ अध्याय शुरु गर्न सक्ने अर्थविद्हरूको विश्लेषण छ ।

**किन आवश्यक पऱ्यो वैकल्पिक विकास वित्त ?**

नेपालको विकास योजनाको आकार र उपलब्ध स्रोत बीचको अन्तर वर्षेनि बढ्दै गएको छ । सरकारी बजेटको ठूलो हिस्सा चालु खर्चमा केन्द्रित छ । कर्मचारी तलब, सामाजिक सुरक्षा कार्यक्रम, प्रशासनिक खर्च र सार्वजनिक ऋणको सावाँ-ब्याज भुक्तानीपछि विकासका लागि उपलब्ध स्रोत सीमित रहन्छ । पछिल्ला वर्षहरूमा पूँजीगत बजेट खर्च समेत लक्ष्य अनुसार हुन नसकेको सरकारी तथ्याङ्कले देखाउँछ । अर्कोतर्फ, नेपालका बैंक तथा वित्तीय संस्थाहरूमा एकातिर ठूलो लगानीका लागि पूँजी नै नभएको अवस्था छ भने ऋण लगानीको प्रावधान पनि धितोकेन्द्रित नै रहेको छ । साथै, बैंकिङ प्रणाली मुख्यत: अल्पकालीन निक्षेपमा आधारित भएकाले २०-३० वर्ष अवधिका पूर्वाधार परियोजनामा आवश्यक वित्तीय स्रोत उपलब्ध गराउन कठिनाइ भइरहेको छ । जलविद्युत्, प्रसारण लाइन, द्रुतमार्ग, रेलमार्ग, विमानस्थल, औद्योगिक पार्क, सूचनाप्रविधि पूर्वाधार तथा सिंचाइ जस्ता परियोजनाका लागि दीर्घकालीन पूँजी आवश्यक पर्छ । तर नेपालको वित्तीय बजार अझै त्यस्तो प्रकृतिको लगानीलाई व्यवस्थित रूपमा परिचालन गर्न पर्याप्त परिपक्व भइसकेको छैन । नेपालको समस्या विकास योजनाको अभाव होइन, विकास वित्तको अभाव हो । यसको समाधानको उत्कृष्ट उपाय भनेको नै 'विकास वित्त' हुन सक्छ भन्ने सोचेर नै सरकारले यो विधेयकलाई अघि सारेको देखिन्छ ।

**विकास वित्तको नयाँ अवधारणा**

यसको मूल अवधारणा भनेको विकासलाई सरकारी स्रोतको सीमाभन्दा बाहिर विस्तार गर्नु हो । यसले विकास परियोजनाका लागि आवश्यक पूँजी जुटाउन बहुआयामिक वित्तीय स्रोत प्रयोग गर्ने व्यवस्था प्रस्ताव गरेको हुन्छ । यसअन्तर्गत निजी क्षेत्र, बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, पूँजी बजार, गैरआवासीय नेपाली तथा विदेशी लगानीकर्तालाई विकास प्रक्रियाको साझेदार बनाउने लक्ष्य राखिएको छ । नीतिनिर्माताहरूका अनुसार विकासको जिम्मेवारी राज्यको मात्र नभई सम्पूर्ण अर्थतन्त्रको साझा दायित्व हो भन्ने आधुनिक वित्तीय सोचलाई संस्थागत रूप दिन खोजिएको छ । नेपालको अर्थतन्त्रको सबैभन्दा बलियो आधारमध्ये एक विप्रेषण हो । विदेशमा कार्यरत लाखौं नेपालीले हरेक वर्ष खर्बौं रुपैयाँ देशमा पठाउने गरेका छन् । यही विप्रेषणले विदेशी मुद्रा सञ्चिति मजबुत बनाउन, उपभोग धान्न र अर्थतन्त्रलाई चलायमान राख्न महत्त्वपूर्ण भूमिका खेलेको छ । तर अर्थशास्त्रीहरूका अनुसार विप्रेषणको ठूलो हिस्सा उपभोग, घर निर्माण तथा जग्गा कारोबारमा खर्च हुने गरेको छ । उत्पादनशील क्षेत्रमा यसको उपयोग अपेक्षाकृत न्यून छ । यसले विप्रेषणलाई विकास वित्तसँग जोड्ने उद्देश्य राखेको छ । विप्रेषण कोष, पूर्वाधार ऋणपत्र, स्वपूँजी कोष, मिश्रित वित्त, जमानत कोष जस्ता वित्तीय उपकरण मार्फत विदेशमा रहेका नेपालीको बचतलाई राष्ट्रिय विकास परियोजनामा आकर्षित गर्ने योजना अघि सारिएको छ । अर्थविद्हरूका अनुसार यदि विप्रेषणको सानो अंश मात्र दीर्घकालीन उत्पादनशील क्षेत्रमा परिचालन गर्न सकियो भने त्यसले नेपालको आर्थिक संरचनामा ठूलो परिवर्तन ल्याउन सक्छ ।

**विकास वित्त कोष र लगानीका प्राथमिकता क्षेत्र**

विधेयकको केन्द्रबिन्दु 'वैकल्पिक विकास वित्त परिचालन कोष' हो । प्रस्तावित व्यवस्था अनुसार कोषको अधिकृत पूँजी एक खर्ब रुपैयाँ हुनेछ भने प्रारम्भिक चुक्ता पूँजी २५ अर्ब रुपैयाँ रहनेछ । कोष स्वायत्त तथा कानूनी व्यक्तित्व प्राप्त संस्था हुनेछ । यसमा सरकारको ५१ प्रतिशत स्वामित्व रहने प्रस्ताव गरिएको छ भने बाँकी स्वामित्व कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सामाजिक सुरक्षा कोष, बीमा कम्पनी तथा अन्य संस्थागत लगानीकर्ताले धारण गर्न सक्ने व्यवस्था गरिएको छ । सरकारका अनुसार यस व्यवस्थाले सरकारी नेतृत्व र संस्थागत लगानी बीच सन्तुलन कायम गर्दै दीर्घकालीन लगानीको बलियो आधार निर्माण गर्नेछ । ऐनको अर्को महत्त्वपूर्ण पक्ष भनेको कोषलाई केवल लगानीकर्ता नभई 'क्याटालिस्ट' (उत्प्रेरक) संस्थाका रूपमा परिकल्पना गरिएको छ । नेपालमा धेरै परियोजना प्रारम्भिक जोखिमका कारण निजी लगानीकर्तालाई आकर्षित गर्न असफल हुने गरेका छन् । यदि कोषले प्रारम्भिक लगानी, जोखिम साझेदारी वा जमानतको भूमिका निर्वाह गर्न सक्यो भने निजी तथा विदेशी लगानी आकर्षित गर्न सहज हुन सक्छ । विकास वित्तका अन्तर्राष्ट्रिय अभ्यासमा यस्ता संस्थाहरूले सरकारी लगानीलाई 'सिग्नल' का रूपमा प्रयोग गरी निजी क्षेत्रको ठूलो पूँजी परिचालन गर्ने गरेका छन् । यसले राष्ट्रिय प्राथमिकताका रणनीतिक क्षेत्रहरूलाई लगानीको प्रमुख केन्द्रका रूपमा पनि निर्धारण गरेको छ । यसअन्तर्गत जलविद्युत् तथा ऊर्जा आयोजना, प्रसारण लाइन, सडक तथा द्रुतमार्ग, रेलमार्ग, विमानस्थल, विशेष आर्थिक क्षेत्र (सेज), औद्योगिक पार्क, सूचनाप्रविधि पार्क, सिंचाइ आयोजना, खानी तथा खनिज क्षेत्र तथा व्यावसायिक कृषि लगायतका क्षेत्रहरूलाई प्राथमिकतामा राखिएको छ । यी क्षेत्रहरूमा लगानी वृद्धि भएमा उत्पादन क्षमता विस्तार हुने, रोजगारीका अवसर सिर्जना हुने, आयात प्रतिस्थापनमा टेवा पुग्ने तथा निर्यात प्रवर्धन मार्फत समग्र आर्थिक विकासलाई गति मिल्ने अपेक्षा गरिएको छ ।

**अन्तर्राष्ट्रिय अभ्यास**

विश्वका धेरै मुलुकले दीर्घकालीन आर्थिक विकास, पूर्वाधार निर्माण तथा रणनीतिक क्षेत्रमा लगानी विस्तार गर्न विशेष लगानी कोष तथा विकास वित्त सम्बन्धी संस्थाहरू स्थापना गरी सफलतापूर्वक सञ्चालन गरिरहेका छन् । भारतको 'नेसनल इन्भेष्टमेन्ट एन्ड इन्फ्रास्ट्रक्चर फन्ड' ले सार्वजनिक, निजी तथा अन्तर्राष्ट्रिय स्रोतबाट पूँजी परिचालन गरी पूर्वाधार क्षेत्रमा उल्लेखनीय लगानी गरेको छ । सिङ्गापुरको 'टेमासेक होल्डिङ्स' ले राज्यको स्वामित्वमा रहेको सम्पत्तिलाई व्यावसायिक सिद्धान्तका आधारमा व्यवस्थापन गर्दै दीर्घकालीन प्रतिफल हासिल गरेको उदाहरण प्रस्तुत गरेको छ । त्यसैगरी, नर्वेको 'गभर्नमेन्ट पेन्सन फन्ड ग्लोबल' ले प्राकृतिक स्रोतबाट प्राप्त आम्दानीलाई विश्वभरका विविध क्षेत्रमा लगानी गरी भावी पुस्ताका लागि राष्ट्रिय सम्पत्तिको संरक्षण र वृद्धिको सफल अभ्यास स्थापित गरेको छ । अस्ट्रेलियाको 'फ्युचर फन्ड' र क्यानडाको 'क्यानडा पेन्सन प्लान इन्भेष्टमेन्ट बोर्ड' ले पनि दीर्घकालीन लगानी मार्फत सार्वजनिक सम्पत्तिको प्रभावकारी व्यवस्थापन र स्थिर प्रतिफल सुनिश्चित गर्ने उदाहरण प्रस्तुत गरेका छन् । यी अन्तर्राष्ट्रिय अनुभवहरूले विकास वित्तका यस्ता संस्थाहरूको सफलता केवल ठूलो पूँजीमा निर्भर नहुने, बरु सक्षम संस्थागत संरचना, व्यावसायिक नेतृत्व, पारदर्शी निर्णय प्रक्रिया, प्रभावकारी जोखिम व्यवस्थापन, कडा उत्तरदायित्व तथा राजनीतिक हस्तक्षेपबाट मुक्त सुशासनमा निर्भर रहने तथ्यलाई स्पष्ट रूपमा देखाएका छन् । सफल संस्थाहरूले स्पष्ट लगानी नीति, स्वतन्त्र सञ्चालक संरचना, नियमित सार्वजनिक प्रतिवेदन तथा व्यावसायिक निर्णय प्रक्रियालाई प्राथमिकता दिएका कारण दीर्घकालीन रूपमा विश्वास र प्रतिफल दुवै हासिल गरेका छन् । नेपालको प्रस्तावित विकास वित्त कोषले पनि यिनै अन्तर्राष्ट्रिय अभ्यासबाट शिक्षा लिंदै सुशासन, पारदर्शिता र व्यावसायिक व्यवस्थापनलाई केन्द्रमा राख्न सकेमा दीर्घकालीन विकास आयोजना, पूर्वाधार निर्माण तथा उत्पादनशील क्षेत्रमा आवश्यक लगानी परिचालन गर्ने प्रभावकारी वित्तीय संयन्त्रका रूपमा स्थापित हुन सक्छ ।

**विदेशी 'सीईओ' को बहस**

विदेशी नागरिकलाई पनि प्रमुख कार्यकारी अधिकृत (सीईओ) नियुक्त गर्न सकिने व्यवस्था नेपालको विकास र लगानीका दृष्टिले सकारात्मक अवसरका रूपमा लिन सकिन्छ । आजको विश्वमा नेतृत्वको मापन राष्ट्रियताले होइनह योग्यता, अनुभव र कार्यसम्पादनले गरिन्छ । अन्तर्राष्ट्रिय वित्तीय बजारको अनुभव, लगानीकर्तासँगको पहुँच र आधुनिक व्यवस्थापकीय सीप भएका नेतृत्वले नेपालमा विदेशी लगानी भित्र्याउन तथा विकासका नयाँ स्रोत जुटाउन महत्त्वपूर्ण भूमिका खेल्न सक्छन् । विश्वका धेरै सफल कम्पनीले योग्य विदेशी वा आप्रवासी मूलका नेतृत्वबाट उल्लेखनीय सफलता हासिल गरेका छन् । उदाहरणका लागि, माइक्रोसृटका सीईओ सत्य नाडेला र गुगलका सीईओ सुन्दर पिचाईले आफ्नो नेतृत्वबाट ती कम्पनीहरूलाई विश्वव्यापी सफलता दिलाएका छन् । यी उदाहरणहरूले नेतृत्वमा राष्ट्रियताभन्दा क्षमता र परिणाम बढी महत्त्वपूर्ण हुने देखाउँछन् । नेपालका सन्दर्भमा पनि विदेशी सीईओ नियुक्तिको उद्देश्य विदेशीलाई प्राथमिकता दिनु होइन, बरु अन्तर्राष्ट्रिय अनुभव, लगानी र विश्वसनीयता नेपालमा भित्र्याएर विकासका लागि आवश्यक वैकल्पिक वित्तीय स्रोत जुटाउनु हो । त्यसैले नेतृत्व नेपाली होस् वा विदेशी, छनोट प्रक्रिया पारदर्शी, प्रतिस्पर्धात्मक, योग्यतामा आधारित र राष्ट्रिय हितप्रति उत्तरदायी हुनु नै सबैभन्दा महत्त्वपूर्ण पक्ष हो ।

**निष्कर्ष: अवसर पनि, परीक्षा पनि**

नेपाल अहिले विकासको आकाङ्क्षा र वित्तीय सीमा बीच उभिएको छ। एकातिर ऊर्जा, पूर्वाधार र औद्योगिकीकरणका विशाल आवश्यकता छन्, अर्कोतिर परम्परागत वित्तीय स्रोतको क्षमता सीमित छ । यस्तो अवस्थामा ऐनले विकासका लागि नयाँ वित्तीय मार्ग खोल्ने सम्भावना बोकेको छ । यसले सरकारी बजेट र वैदेशिक ऋणमा निर्भर मोडललाई विस्तार गर्दै निजी, संस्थागत, विप्रेषण तथा अन्तर्राष्ट्रिय पूँजीलाई राष्ट्रिय विकाससँग जोड्ने प्रयास गरेको छ । तर अन्तिम मूल्याङ्कन ऐनको घोषणाले होइन, त्यसको कार्यान्वयनले गर्नेछ । अन्यथा यो पनि विगतका महत्त्वाकांक्षी तर प्रभावहीन संस्थागत प्रयोगहरूको सूचीमा थपिने जोखिम रहनेछ ।*-अनलाइन खबर डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : कामको क्रम बढ्नेछ। बीचमा रोकिएको विषय फेरि अघि बढ्नेछ। | **तुला**: सानो भेटघाटले पनि सम्बन्ध नजिक बनाउनेछ। दिन रमाइलो रहनेछ। |
| **वृष** : चिन्ताभन्दा नयाँ काममा ध्यान दिनु राम्रो हुनेछ। दिन सहज रूपमा बित्नेछ। | **वृश्चिक** : अनुभव काम लाग्ने दिन छ। तपाईंको सल्लाहलाई महत्त्व दिनेछ। |
| **मिथुन** : बोलेको कुराले राम्रो प्रभाव छोड्नेछ। हतारमा निर्णय नगर्नु राम्रो हुनेछ। | **धनु** : नयाँ दृश्य वा नयाँ ठाउँले मन ताजा बनाउनेछ। दिन उत्साहपूर्ण रहनेछ। |
| **कर्कट** : खर्चको हिसाब मिलाउँदा पछि सजिलो हुनेछ। दिनभरि व्यस्तता रहनेछ। | **मकर** : काम पूरा गर्ने समय आएको छ। साँझतिर आराम गर्ने मौका मिल्नेछ। |
| **सिंह** : नयाँ जिम्मेवारी आए पनि सजिलै सम्हाल्नुहुनेछ। सम्मान बढ्ने दिन रहनेछ। | **कुम्भ** : सबैसँग मिलेर अघि बढ्दा सजिलो हुनेछ। दिन सन्तुलित रहनेछ। |
| **कन्या** : कागजात वा सामान व्यवस्थित गर्नु राम्रो हुनेछ। फुर्सदको समय मिल्नेछ। | **मीन** : दैनिकीलाई मिलाउने दिन छ। समयले मनमा ताजापन ल्याउनेछ। |

## स्वास्थ्य चर्चा

# बढ्दो क्यान्सर, न्युन उपचार र नियन्त्रणमा बेवास्ता



नागरिकको अकालमा ज्यान जानबाट जोगाउने दायित्व सरकारको हो । यसै कारण गम्भीर चोटपटक, संक्रमण, मुटु, कलेजो, रक्तनली र मिर्गौला सम्बन्धी रोगका साथै क्यान्सरको उपचार राज्यबाट हुनुपर्ने हो । अहिले क्यान्सरको समस्या निकै बढिरहेको छ । यो रोगका कारण धेरैलाई अकालमै जीवन गुमाइरहेका छन् । उपचार गरेर बाँचिहाले पनि धेरैलाई कंगाल बनाएको उदाहरण हाम्रो वरिपरि बग्रेल्ती छन् । सबै वर्ग, समुदाय र सबै उमेर समूहका व्यक्तिलाई क्यान्सर देखिन्छ ।

**क्यान्सरमा के हुन्छ ?**

हाम्रो शरीरमा कुल ३७ खर्ब कोषहरू हुन्छन् । ती मध्ये नष्ट हुने र नयाँ बन्ने अर्बौं कोषहरूको विभाजनलाई २० हजार जिनले नियमन गर्दछन् । क्यान्सर भनेको निर्दिष्ट कोषीय चक्रमा बन्ने र नष्ट हुने अर्बौं कोषहरूको अनियन्त्रित विभाजन हो । तर अनुवांशिक(जेनेटिक्स), शरीर भित्रको आन्तरिक कारण, बाहृय वातावरणीय कारण जस्तो प्रदूषण, रेडिएसन, निकोटिनयुक्त वस्तुको सेवन एवम विभिन्न भाइरसहरू पनि क्यान्सरका कारण मानिन्छन् । अल्कोहल क्यान्सरको एक मुख्य कारक हो । अल्कोहल र सुर्तीजन्य पदार्थ दुवै एकसाथ प्रयोग गर्ने बानीले मुख, घाँटी, श्वास नली, फोक्सो, कलेजो देखि सबै अंगहरूमा क्यान्सर उत्पन्न हुने सम्भावना बढ्न सक्छ । भाइरसहरू (ह्युमन प्यापिल्लोमा १६, १८ )ले पनि पाठेघरदेखि घाँटीका क्यान्सरहरू निम्त्याउन सक्छन् । नेपालमा कुल क्यान्सरका बिरामिमध्ये आधा जतिघ्रे सुर्ती, गुट्खा, सुपारी जन्य ल्स्ढ्ढहयरू हरू सेवनहरू भएको अनुमान गर्न किन्छ । खेतिपाती फलफुल तरकारीमा प्रयोग गरिने बिषादीहरू,विभिन्न हानिकारक विकिरण र रसायनहरूको उत्सर्जनबाट सबै अंगहरूको क्यान्सर बढ्दो छ । विश्व स्वास्थ्य संगठनका अनुसार एक तिहाइ क्यान्सरजन्य मृत्युको कारण सुर्ती, अल्कोहल, मोटोपन, शारीरिक व्यायाम अभाव, आदिका कारण हुने गरेको छ । आंगिक दृष्टिले भौगोलिक अवस्था, वातावरणीय प्रभाव, बानी बेहोराको आदिको आधारमा क्यान्सरको कारण फरक हुनेगर्छ । जस्तो अल्कोहल कलेजो, पाचननली आदिको क्यान्सरको कारक बन्दछ भने धूम्रपानको कारण श्वासनली, भोजन नलीको क्यान्सरको जोखिम बढ्छ । क्यान्सरमा प्राकृतिक कोषहरू अनियन्त्रित एवम अप्राकृतिक रूपमा वृद्धि हुँदै जान्छ । ती क्यान्सरयुक्त कोषहरू तन्तुले अन्य नजिकै रहेको रक्तकोषको माध्यमबाट समेत शरीरको अन्य भागमा समेत फैलिन थाल्दछन् । यसरी क्यान्सर भनेको शरीरका अस्वभाविक कोषहरू अनियन्त्रित किसिमले रुपान्तरण र संख्यामा वृद्धि हुनु पनि हो ।

**कारणहरू**

क्यान्सर रोग अनुवांशिक कारणले पनि लाग्न सक्छ । वातावरण प्रदूषण, विभिन्न रसायनसँगको सम्पर्क, भाइरस जस्ता विषाणुहरूले पनि क्यान्सर निम्त्याउन सक्छ । कुनै संक्रमण, रेडिएसन आदि कुराहरू पनि क्यान्सरका कारक मानिएका छन् । सबै क्यान्सरका रोगीहरूमा स्पष्ट कारण पत्ता नलाग्न पनि सक्छन् । सुर्तीमा तलतल लाग्ने निकोटिन बाहेक दर्जनौं हानिकारक रसायन हुन्छन् । धुवाँ बिनाको सुर्तीजन्य वस्तुलेले पनि मुख ,घाँटीका क्यान्सर निम्त्याउन सक्छ । सुर्तीमा पोलिसाइक्लिक एरोमाटिक, नाइट्रोसामाइन ३० रसायनहरू क्यान्सरको कारक हुन् । धुवाँबाट निस्कने कार्बन मोनो अक्साइडले त फोक्सो देखि रक्तनलिमै अवरुद्धता पैदा गर्छ । पानपराग, गुटखा जस्ता हानिकारक वस्तुहरूको सेवनले मुख, घाँटी, गला, भोजन नलीका साथै नाक, कान घाँटी संबद्ध क्यान्सरहरूमा वृद्धि भइरहेको देखिन्छ । सुर्तीमा रहेका यस्ता हानिकारक रसायनहरूले रक्तनली ,रक्तकोषदेखि थाइरोइड, न्याल ग्रन्थी लगायत धेरै अंगमा क्यान्सर उत्पन्न गराउने संभावना रहन्छ ।

**मदिरा**

क्यान्सर सम्बन्धी अन्तर्राष्ट्रिय एजेन्सीले अल्कोहललाई क्यान्सरको पहिलो कारक मानेको छ । 'थोरै अल्कोहल सेवन' भन्ने पुरानो सोचाइ पनि अस सावित भएको छ । थोरै रक्सिले पनि क्यान्सर निम्त्याउँछ । अल्कोहलले निम्न अंगहरूमा क्यान्सर निम्त्याउन सक्छ

**कलेजो**

अल्कोहल त कलेजोको प्रमुख दुस्मन हो जस्ले कलेजोमा क्यान्सर मात्रै गर्दैन पुरै नष्ट गरेर व्यक्तिको जीवनमा आघात पुऱ्याउन सक्छ । कलेजो रोग विशेषज्ञका अनुसार कलेजो बिग्रेकाहरू मध्ये लगभग सबैजसो अल्कोहल सेवन गर्नेहरू छन् ।

**सुर्ती र अल्कोहलको संमिश्रण झनै घातक**

सुर्ती र अल्कोहल यी दुवै वस्तुहरूको संमिश्रण झनै घातक छ । अल्कोहल सँगै सुर्ती या धुम्रपानको पनि सेवन गरे मुख घाँटीमा क्यान्सर हुने सम्भावना बढ्न सक्छ । सुर्तीमा रहेका क्यान्सरयुक्त रसायनहरू सहजै तन्तु एवम कोषमा पुग्दछन् । अल्कोहल पिउँदा धूम्रपान या सुर्ती सेवन गर्ने बानी छ जुन झनै हानिकारक छ । यी बाहेक आनुवांशिक उत्परिवर्तन, रासायनिक एवम विकिरणीय पदूषण भाइरस ब्याक्टेरियाहरूको संक्रमण बाट पनि क्यान्सर लाग्न सक्छ । त्यति मात्रै होइन मुख एवम दाँतको सरसफाइको कमी, विभिन्न समूहका भाइरसहरूको संक्रमण उदाहरण हेपाटाइटिस बी ले कलेजोको, प्यापिल्लोमा भाइरसले १६, १८ ले घाँटी, पाठेघर पनि क्यान्सरका कारण हुन् । सुरुमा क्यान्सरका पूर्व अवस्थाका लक्षणहरू जस्तो दाग, घाउ, टाटा, गिर्खा आदि देखिन्छन् प्रारम्भिक अवस्थामा नै क्यान्सर पत्ता लागे सावधानी अपनाए या उपचार गरे - क्यान्सर निको पनि हुन सक्छ । प्रारम्भिक अवस्थामै निदान गरी उपचार गरे क्यान्सरबाट पूर्णरूपमा उन्मुक्ति पाउन सकिन्छ ।

**कष्टपूर्ण जीवन र अकाल मृत्यु**

क्यान्सर जुनसुकै उमेर, पेशा र लिंगको व्यक्तिलाई पनि लाग्न सक्छ । समयमै उपचार गरे निको पनि हुन्छ । त्यसैले क्यान्सर भनेको कुनै पूर्वजन्मको फल भन्दा पनि वंशाणुगत, आन्तरिक र बाहृय कारणले लाग्ने रोग हो । पूर्ण निको हुन नसके पनि बिरामीलाई पीडाबाट मुक्ति दिलाउन सकिन्छ । क्यान्सर पीडितलाई सबैको स्नेहको जरुरत छ ।

**उपचार**

क्यान्सरको उपचार मुलत दुई प्रकारको हुन्छ -निको पार्ने र लक्षण या दुखाइहरू घटाउने । क्यान्सरको उपचारले व्यक्तिको आयु बढ्न सक्छ तर उपचार पछि पनि जीवन कष्टपुर्ण हुन सक्छ । उदाहरणका लागि जिब्रो, मुख, घाँटीको क्यान्सरमा शल्यचिकित्सा गरे पछि जीवन सहज हुनु भन्दा झन् कठिन र पिडादायी हुन पनि सक्छ । यो चाहिँ स्टेज या तहमा निर्भर हुन्छ । उदाहरण सुरुको अवस्थामा उदाहरण २ से मी भन्दा सानो, मोटाइ या फैलावट कम भएको क्यान्सरलाई सीमित शल्यचिकित्सा, रेडियोथेरापी, किमोथेरापीबाट पनि उपचार गर्न सकिन्छ । यस्तो उपचार सहज र सफल पनि हुने सम्भावना रहन्छ । शल्यक्रिय , रेडियोथेरापी, किमोथेरापीसहित आधुनिक तरिका या उपायहरू जस्तो टार्जेटेड थेरापी जिन थेरापीजस्ता अप्रेसन बिनाका आधुनिक महंगा उपचारहरू पनि छन् । क्यान्सर उपचारको सफलता क्यान्सरको अवधि, प्रकृति, चरण, फैलावट आदिमा निर्भर हुन्छ ।

**उपचारमा सहजता र पहुँच**

ज्यान जोगाउन अपरिहार्य हुने क्यान्सरको उपचार नि:शुल्क र त्यो नभए सहुलीयतपूर्ण हुनुपर्ने हो । क्यान्सरबाट पीडितहरूका लागि महंगो उपचारका कारण ठूलो मात्रामा ऋणको भारी बोक्नुपर्ने अवस्था छ । अझै पनि नेपालबाट ठूलो संख्यामा क्यान्सरका रोगीहरू दिल्लीको राजीव गान्धी क्यान्सर अस्पताल सहितका भारतका विभिन्न अस्पतालहरूमा जाने गर्छन् । यो हुनुको कारण भनेको नेपालमा स्तरीय उपचारको अभाव हुनु मात्रै नभएर जानकारीको अभाव, कमिसनका लागि हुने आर्थिक चलखेलहरू समेत जिम्मेवार छन् । यस्ता हानिकारक वस्तुहरूको बिक्रीवितरण र सेवनमा कमी ल्याउन राजनीतिक पार्टी, सरकार मात्रै होइन मेडिकल काउन्सिल, स्वास्थ्य निकाय, चिकित्सकका संघ संगठन कसैको ध्यान गएको छैन ।

*-अनलाइन खबर डटकम*

# आमाको दूध प्रतिस्थापन गर्ने वस्तु बिक्री गरे कानुनी कारवाही गरिने



कालिकोटको स्थानीय प्रशासन र जिल्ला स्वास्थ्य सेवा कार्यालयले आमाको दूध पिलाउनुको सट्टा बजारमा पाइने कृत्रिम दूध तथा अन्य आहार बिक्री-वितरणमा कडा रोक लगाएको छ । प्रशासनले खाँडाचक्र नगरपालिकाको मान्म, मोल्फा, पिली र तिलागुफा नगरपालिकाको गाल्जे तथा नाग्म बजार लगायतका प्रमुख व्यापारिक केन्द्रहरूमा आमाको दूध प्रतिस्थापन गर्ने अन्य दूध तथा आहार बिक्री गर्ने औषधि, किराना पसल लगायतका व्यावसायिक प्रतिष्ठानलाई त्यस्ता वस्तु बिक्री नगर्न निर्देशन दिएको हो । जिल्ला स्वास्थ्य सेवा कार्यालय कालिकोटका प्रमुख डा. रत्नवीर सुनारका अनुसार अनुगमनका क्रममा औषधि पसल तथा अन्य विभिन्न पसलमा आमाको दूधलाई प्रतिस्थापन गर्ने ल्याक्टोजिन, निप्पल जस्ता वस्तु प्रदर्शनमा राखेको पाइएको छ । उनले सामाजिक सञ्जाल वा अन्य माध्यमबाट त्यस्ता वस्तुको विज्ञापन गर्ने र बजारीकरण गर्ने कार्यलाई रोक्न कडा निर्देशन दिइएको बताए । आमाको दूध प्रतिस्थापन गर्ने (वस्तु बिक्री-वितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ को पालना गराउन र आमा तथा शिशुको स्वास्थ्य अधिकार प्रवर्द्धन गर्नका लागि त्यस्ता वस्तुको बिक्री रोक्न लागिएको जिल्ला स्वास्थ्य सेवा कार्यालय कालिकोटका जनस्वास्थ्य अधिकृत कटकबहादुर महतले बताए । उनले सामाजिक सञ्जाल वा अन्य माध्यमबाट सो वस्तुको विज्ञापन र प्रदर्शन नगर्न व्यवसायीलाई सचेत गराइएको उल्लेख गर्दै भने, 'दिइएको निर्देशनलाई अटेरी गरेमा कानुनअनुसार कारबाही हुनेछ ।' आमाको दूधमा शिशुका लागि आवश्यक सबै प्रकारका पोषक तत्व पाइने र यसले रोग प्रतिरोधात्मक क्षमता बढाउने भएकाले बजारिया दूध यसको विकल्प हुन नसक्ने खाँडाचक्र नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रवीन्द्र सेजुवालले बताए । बजारमा प्रतिबन्धित वस्तु फेला परेकाले तत्काल बिक्री रोक्न व्यवसायीलाई सुझाव दिइएको जानकारी दिँदै उनले भने, 'स्थानीय सरकारले ऐन विपरीतका वस्तुको बिक्री गरेको पाइएमा कानुनी कारबाही अघि बढाउने चेतावनी दिएको छ ।'

*-इहिमालयन डटकम*

# वर्षायाममा बालबालिकालाई कसरी जोगाउने ?



वर्षायाम बालबालिकाका लागि जति रमाइलो हुन्छ, यसले सङ्क्रमणको जोखिम पनि त्यति नै बढाउँछ । यो मौसममा हावामा हुने चिस्यान, घरको ओस, ढुसी तथा दूषित खानपानले बालबालिकालाई चाँडै बिरामी बनाउन सक्छ । त्यस्तै, घरको ओस र ढुसीले बालबालिकामा एलर्जी तथा श्वासप्रश्वाससम्बन्धी समस्याको जोखिम बढाउँछ । विश्व स्वास्थ्य सङ्गठनका अनुसार सुरक्षित खाना, सफा पानी र सरसफाइको राम्रो बानीले बालबालिकामा हुने धेरै प्रकारका सङ्क्रमण रोक्न सकिन्छ । त्यसैले मनसुनको समयमा बालबालिकाको स्वास्थ्य सुरक्षाका लागि केही महत्त्वपूर्ण कुरामा ध्यान दिनुपर्छ । ओसका कारण सफ्ट टोय (नरम खेलौना) मा धुलो र धुलोमा हुने कीटाणु जम्मा हुन सक्छन् । यसले गर्दा एलर्जी र दमबाट पीडित बालबालिकाको समस्या बढ्न सक्छ । अमेरिकाको नेसनल इन्स्टिच्युट अफ हेल्थका अनुसार सफ्ट टोयलाई तातो पानीले धुने र राम्ररी सुकाउने गर्दा त्यसमा रहेका करिब ९०-९५% डस्ट माइट्स नष्ट गर्न सकिन्छ । त्यसकारण बच्चाको ओछ्यानमा धुन मिल्ने सफ्ट टोय मात्र राख्नुपर्छ र तिनलाई नियमित रूपमा सफा गर्नुपर्छ । टुथब्रसलाई शौचालय वा वास्बेसिनको नजिक राख्नु हुदैन । ब्रस राम्ररी सुकोस् भन्नका लागि यसलाई पखालेर ठाडो पारेर राख्नुपर्छ । फ्लस गर्ने समयमा कमोडको ढकनी बन्द राख्नुपर्छ र ब्रसमा क्याप (बिर्को) लगाउनुको साटो खुला हावामा सुक्न दिनुपर्छ । ब्रसको क्याप यात्रा गर्दा मात्र प्रयोग गर्नुपर्छ । मनसुनमा भित्तामा लाग्ने ढुसी र ओसले बालबालिकामा खोकी, एलर्जी र दमको समस्या बढाउन सक्छ । यदि बच्चालाई रुघा-ज्वरो नभईकन पनि राति बारम्बार खोकी लाग्छ भने घरको ओस, ढुसी र एसीको फिल्टर जाँच गर्नुपर्छ । गन्ध लुकाउनुको साटो ओस आउनुको मुख्य कारण पत्ता लगाई त्यसलाई हटाउनुपर्छ । वर्षायाममा रबर वा ईभीए (इथाइलिन भिनाइल एसिटेट) क्रक्स जस्ता जुत्ता-चप्पल क्यानभास वा छालाको जुत्ताको तुलनामा चाँडै सुक्छन् र यिनले पानी पनि कम सोस्छन् । यद्यपि, यिनले आफैँ फङ्गल इन्फेक्सन ( ढुसीको सङ्क्रमण) बाट भने बचाउँदैनन् । यसका लागि बच्चाको खुट्टा सफा र सुक्खा राख्नु जरुरी हुन्छ । खुट्टाका औँलाबीचको भाग राम्ररी सुकाउनुपर्छ, भिजेको जुत्ता वा मोजा लामो समयसम्म लगाउन दिनु हुदैन । कपडामा आइरन लगाउँदैमा ढुसी पूर्ण रूपमा नष्ट हुँदैन । पानी वा पसिनाले भिजेका कपडालाई राम्ररी धोएर सुकाउनु आवश्यक छ । ओसिलो कपडा दराजमा राख्दा ढुसी बढ्न सक्छ । यदि ढुसीको सङ्क्रमण भएको व्यक्तिले प्रयोग गरेको कपडा वा तौलिया छ भने त्यसलाई तातो पानीले अनिवार्य रूपमा धुनुपर्छ । मनसुनमा घरभित्र ओस वा चिस्यान धेरै छ भने एसीको 'ड्राई मोड' वा डिह्युमिडिफायर प्रयोग गर्नु लाभदायक हुन सक्छ । यसले चिस्यान कम गर्छ, जसले गर्दा ढुसी र डस्ट माइट्स फैलिने सम्भावना घट्छ । एसीको तापक्रम २४-२६ डिग्री सेल्सियस राख्नुहोस्, कोठालाई आवश्यकताभन्दा बढी चिसो बनाउनु हुदैन र एसीको फिल्टर नियमित सफा गर्नुपर्छ । मनसुनमा बालबालिकालाई बाहिर काटेर राखिएका फलफूल, सडक किनारमा पाइने जुस र बरफ हालिएका पेय पदार्थ दिनु हुदैन । यस्ता कुरामा सङ्क्रमणको जोखिम धेरै हुन्छ । काँचो सलाद र हरिया सागपातलाई सफा पानीले राम्ररी पखालेर मात्र खान दिनुपर्छ । सधैँ ताजा र सही तरिकाले भण्डारण गरिएको दही तथा मोही मात्र दिनुपर्छ । बान्ता हुने वा पखाला लाग्ने समस्या देखिएमा डाक्टरको सल्लाह लिनुपर्छ ।*-रातेपाटी डटकम*

# लुम्बिनी प्रदेशसभाबाट थारू विधेयक पारित




**दाङ,** असार २५/ लुम्बिनी प्रदेशसभाले 'थारू समुदायका प्रथाजनित परम्पराको संरक्षण तथा प्रवर्द्धनसम्बन्धी विधेयक, २०८३' सर्वसम्मत रूपमा पारित गरेको छ ।

बुधबार राति बसेको प्रदेशसभाको आठौँ अधिवेशनअन्तर्गत १८ औं बैठकमा सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिनाले विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । सभामुख तुलाराम घर्तीमगरले उक्त प्रस्ताव निर्णयार्थ प्रस्तुत गरेपछि विधेयक सर्वसम्मत रूपमा पारित भएको घोषणा गरेका थिए । थारू समुदायका मौलिक परम्परा, संस्कृति तथा सामाजिक अभ्यासको संरक्षण र प्रवर्द्धनका लागि कानुनी आधार तयार गर्ने उद्देश्यले विधेयक पारित गरिएको हो । विधेयकले थारू समुदायमा परम्परागत रूपमा प्रचलित कविला गण संरचना, सङ्गठन, चालचलन, रीतिरिवाज, संस्कृति, सम्पदा, मटावाँ, बरघर तथा भलमन्सालगायतका मौलिक परम्पराको पहिचान, अभिलेखीकरण, संरक्षण, प्रवर्द्धन र पुस्तान्तरणका लागि आवश्यक कानुनी व्यवस्था गरेको छ ।

प्रदेश सरकारले यो विधेयकमार्फत थारू समुदायको मौलिक सांस्कृतिक सम्पदा, परम्परागत ज्ञान, सामाजिक संरचना र सांस्कृतिक अभ्यासको संरक्षण तथा प्रवर्द्धनमा टेवा पुग्ने विश्वास लिएको छ ।*-रासस*

## खेलकुद समाचार

### रोनाल्डो फिफा विश्वकप यात्राको अन्त्य



**काठमाडौं,** असार २५/ पछिल्लो पुस्ताका महान खेलाडीमध्ये एक क्रिस्टियानो रोनाल्डोको फिफा विश्वकप यात्रा अब इतिहासको पानामा सीमित हुने निश्चित भएको छ । ६ पटक विश्वकप खेल्ने दुर्लभ कीर्तिमान बनाएका पोर्चुगलका कप्तानसमेत रहेका रोनाल्डोको युगसँगै विश्व फुटबलको एउटा स्वर्णिम अध्याय पनि समाप्त हुने अवस्थामा पुगेको छ । सन् २००६ मा जर्मनीमा आयोजना भएको विश्वकपबाट डेब्यु गरेका रोनाल्डोले त्यसयता २०१०, २०१४, २०१८ र २०२२ गरी लगातार ६ संस्करण खेलेका थिए । उनले विश्वकपका ६ फरक संस्करणमा गोल गर्ने पहिलो खेलाडीको ऐतिहासिक उपलब्धि पनि हासिल गरेका छन् । व्यक्तिगत रूपमा उनले हरेक विश्वकपमा चर्चा बटुले पनि ट्रफी भने जित्न सकेनन् । अरु विश्वकपका संस्करणभन्दा सन् २०२२ को कतार विश्वकप रोनाल्डोका लागि निकै भावनात्मक बनेको थियो । टोलीका नियमित कप्तान भए पनि नकआउट चरणका केही खेलमा उनी बेञ्चबाट मैदान प्रवेश गरेका थिए ।

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिचक घट्यो



**पाल्पा,** असार २५/ नेप्से परिसूचक बिहीबार दोहोरो अंकले घटेको छ । यसदिन नेप्से १९ दशमलव ६७ अंकले घटेको हो । नेप्से घटेसँगै २ हजार ६ सय १ दशमलव ९२ विन्दुमा अडिएको छ । नेप्से परिसूचक घट्दा कारोबार रकम पनि बुधबारको तुलनामा घटेको छ ।

अघिल्लो कारोबार दिन बुधबार सेयर बजारमा ३० दशमलव ९ अंकले गिरावट आएको थियो । सो दिन ४ अर्ब ८२ करोड मूल्य बराबरको कारोबार भएको विहीबार ४ अर्ब ६१ करोडको भयो । यस दिनभरजसो बजार रातो रह्यो । ४२ कम्पनीको मूल्य बढ्दा २२९ को घट्यो भने ६ को स्थिर रह्यो । सबै समूहगत सूचक घटेका छन् । बैंकिङ ० दशमलव ५०, विकास बैंक १ दशमलव ११, फाइनान्स ० दशमलव ६२, होटल तथा पर्यटन ० दशमलव ७६, जलविद्युत् ० दशमलव ७०, लगानी ० दशमलव ९५, जीवन बीमा ० दशमलव ६१, उत्पादन तथा प्रशोधन १ दशमलव १९, माइक्रोफाइनान्स ० दशमलव ६९, निर्जीवन बीमा ० दशमलव ६६, अन्य ० दशमलव १८ तथा व्यापार २ दशमलव ३६ प्रतिशत घटे । उपकार लघुवित्तको १२ दशमलव ६८ तथा स्नो रिभर्सको मूल्य ११ दशमलव ७६ प्रतिशत बढ्यो । जनउत्थान लघुवित्तको ३ दशमलव ०९ तथा त्रिशुली जलविद्युतको २ दशमलव ७७ प्रतिशत मूल्य बढ्यो । सालपा विकास बैंकको ८ दशमलव २८, श्रीस्टार हाइड्रोपावरको ७ दशमलव ९२, ओम मेगाश्री फर्मास्युटिकल्सको ५ दशमलव ७६ प्रतिशत मूल्य घट्यो । यस दिन धेरै कारोबार भएकामा डिबेन्चर अगाडि रहे ।

# आज योगिनी...

धर्मविद्हरूका अनुसार योगिनी एकादशी केवल धार्मिक अनुष्ठान मात्र नभई आत्मसंयम, सदाचार, सेवा र दानको भावनालाई जीवनमा आत्मसात् गर्ने अवसर पनि हो । देशभरका विष्णु मन्दिरहरूमा आज विशेष पूजा, आरती तथा भक्तजनहरूको उपस्थितिसँगै धार्मिक कार्यक्रमहरू आयोजना भइरहेका छन् । योगिनी एकादशीले धार्मिक आस्था, आध्यात्मिक साधना र सामाजिक सद्भावलाई थप मजबुत बनाउने पर्वका रूपमा विशेष महत्व राख्दै आएको छ । यस एकादशीका व्रतको प्रभावबाट समस्त पापकर्महरु नाश हुन्छन्, भूलोकमा परम सुख प्राप्त गरी मरेपछि मोक्षको भागी भइन्छ भन्ने धार्मिक विश्वास छ । यस एकादशीको विधि-विधान पुऱ्याएर व्रत गर्ने व्यक्तिलाई ८८ हजार व्राह्मणहरुलाई भोजन गराएबराबरको पुण्य प्राप्त हुने कुरा स्कन्दपुराण र ब्रह्माण्डपुराणमा वर्णन गरिएको छ । योगिनी एकादशीको व्रत कथा सुन्दा र सुनाउँदा मात्र १०० गाईदान गरेबराबरको पुण्य पाइने बताइएको छ ।

# नियमित अन्तरराष्ट्रिय...

...नयाँ यथार्थअनुसार उक्त सम्झौता पुनरावलोकन गर्नुपर्ने आवश्यकता उनी औँल्याउन्छन् । विमानस्थलको अन्तरराष्ट्रिय हवाई यातायात तथ्याङ्कले पनि उतारचढाव देखाउँछ । सन् २०२२ देखि सन् २०२६ को मे महिनासम्म अन्तरराष्ट्रियतर्फ एक हजार २१८ विमान आवागमन भएका छन् भने ६९ हजार ३१६ यात्रुले सेवा लिएका छन् । सन् २०२३ मा यात्रु सङ्ख्या चार हजार ७५१ मा झरेको थियो । सन् २०२५ मा यो संख्या बढेर १९ हजार ५९० पुगे पनि अन्तरराष्ट्रिय विमानस्थलको क्षमताअनुसार यो अझै न्यून मानिन्छ । चालु वर्षको मे महिनासम्म चार हजार १५३ यात्रुले मात्र सेवा लिएका छन् । भैरहवा विमानस्थलको अर्को विशेषता यहाँ जडान गरिएको इन्स्ट्रमेन्ट ल्याण्डिङ सिस्टम (आइएलएस) हो । साहका अनुसार कम दृश्यता भएका दिनमा पनि सुरक्षित अवतरण गर्न सहयोग गर्ने यो प्रणाली नेपालका लागि महत्वपूर्ण सम्पत्ति हो । अझ रोचक कुरा, यस्तो सुविधा काठमाडौँको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा उपलब्ध छैन तर यसको 'सेकेन्डरी प्रोटेक्सन जोन'को करिब १.३ किलोमिटर भाग भारतीय भूभागमा पर्ने भएकाले भारतसँग आवश्यक सहमति हुन बाँकी छ । यस विषयमा पहिले पत्राचार भए पनि त्यसपछि दुवै पक्षबाट पर्याप्त 'फलोअप' नभएको उनी स्वीकार छन् । नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) लुम्बिनी प्रदेशका अध्यक्ष चन्द्रबहादुर श्रेष्ठ गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल सञ्चालनमा ढिलाइ हुनुमा सरकारको नीतिगत कमजोरीलाई मुख्य कारण मान्छन् । उनका अनुसार चार वर्षदेखि सरकारले 'विमानस्थल चल्छ' भन्ने आश्वासन मात्रै दिइरहेको छ । अब आश्वासन होइन, ठोस निर्णय आवश्यक छ । उनी भन्छन्, "काठमाडौँको त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा दैनिक अत्यधिक हवाई चाप छ । जहाजहरु अवतरणका लागि लामो समय आकाशमा होल्ड भइरहेका छन् । यस्तो अवस्थामा दोस्रो अन्तरराष्ट्रिय विमानस्थललाई प्रभावकारी रुपमा प्रयोग गर्ने नीति सरकारले तत्काल ल्याउनुपर्छ ।" सरकारले सबै अन्तरराष्ट्रिय उडान काठमाडौँमै केन्द्रित हुने वर्तमान अवस्था परिवर्तन नगरेसम्म गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलले अपेक्षित गति लिन नसक्ने उनको ठम्याइ छ । नेपालमा सञ्चालनमा रहेका अधिकांश अन्तरराष्ट्रिय एयरलाइन्सका एजेन्ट काठमाडौँका सीमित व्यवसायीको नियन्त्रणमा रहेको उनको दाबी छ । टिकट बिक्री, बजार व्यवस्थापन, प्रचारप्रसार र यात्रु वितरणको सम्पूर्ण अधिकार केही कम्पनीमा केन्द्रित हुँदा भैरहवा र पोखराजस्ता नयाँ अन्तरराष्ट्रिय विमानस्थलले प्रतिस्पर्धा गर्ने अवसर नै पाएका छैनन् । "काठमाडौँका जिएसएले आफ्नै व्यापारिक हितअनुसार जहाजको बजार व्यवस्थापन गर्छन् । स्थानीय ट्राभल एजेन्सीलाई पर्याप्त सहयोग, सहुलियत वा टिकटको समान पहुँच दिइँदैन", थापा भन्छन् । उनको प्रस्ताव छ- भैरहवा र पोखराका लागि स्थानीयस्तरका जिएसए नियुक्त गर्ने नीति सरकारले ल्याउनुपर्छ । उडानको सुनिश्चित भए लुम्बिनीका पर्यटन व्यवसायी र ट्राभल कम्पनी ठूलो लगानी गरेर पनि त्यो जिम्मेवारी लिन तयार रहेको उनको दाबी छ । लुम्बिनी आउने धेरै विदेशी पर्यटक भारतका बौद्ध तीर्थस्थल पनि भ्रमण गर्न चाहन्छन् तर अहिले भारतको इ-भिसा लिएर आएका तेस्रो मुलुकका पर्यटक बेलहिया नाका हुँदै भारत प्रवेश गर्न नपाउने व्यवस्था रहेको श्रेष्ठ बताउन्छन् । यसले बुद्ध सर्किटको अवधारणालाई कमजोर बनाएको उनको भनाइ छ । नेपाल सरकारले भारतसँग उच्चस्तरीय कूटनीतिक पहल गरेर यो समस्या समाधान गर्नुपर्नेमा उनको जोड छ । पश्चिम नेपालका हजारौँ युवा हरेक वर्ष वैदेशिक रोजगारीमा जान्छन् तर मेडिकल परीक्षण, श्रम स्वीकृति, बायोमेट्रिक र भिसा प्रक्रियाका लागि उनीहरू अझै काठमाडौँ जान बाध्य छन् । भैरहवामै श्रम डेस्क, मेडिकल सेन्टर र प्रमुख मुलुकका भिसा सेन्टर स्थापना गर्न सकियो भने यही क्षेत्रबाट ठूलो सङ्ख्यामा यात्रु अन्तरराष्ट्रिय उडानमा जोडिनसक्ने उनको विश्वास छ । नेपाल उद्योग वाणिज्य महासै, लुम्बिनी प्रदेशका अध्यक्ष ठाकुरकुमार श्रेष्ठ पनि गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थललाई केबल रुपन्देहीको परियोजना मान्न नहुने बताउन्छन् । "धनगढी, नेपालगञ्ज, दाङ, बर्दिया, कैलाली, कञ्चनपुरका नागरिकलाई काठमाडौँ पुगेर जहाज चढ्नुभन्दा भैरहवा आउन समय र खर्च दुवै हिसाबले सहज हुन्छ । श्रेष्ठको विचारमा अरुलाई दोष दिनुभन्दा पहिले नेपाल सरकारले आफ्नै दायित्व पूरा गर्नुपर्छ । उनी प्रश्न गर्छन्, "सरकारकै स्वामित्वमा रहेको नेपाल एयरलाइन्सले दैनिक एउटा नियमित अन्तरराष्ट्रिय उडान किन सुरु गर्न सक्दैन ?" उनका अनुसार नेपाल एयरलाइन्स र हिमालयन एयरलाइन्सले नियमित उडान सुरु गरे त्यसले बजारमा सकारात्मक सन्देश जानेछ । त्यसपछि विदेशी एयरलाइन्स पनि भैरहवाप्रति आकर्षित हुन सक्छन् । यदि यात्रु उडान तत्काल विस्तार गर्न कठिन छ भने कार्गो उडानलाई विकल्पका रुपमा अघि बढाउन सकिने सुझाव पनि निजी क्षेत्रले दिएको छ । विमानस्थलमा पर्याप्त भौतिक पूर्वाधार, जनशक्ति र सञ्चालन क्षमता रहेका अवस्थामा अन्तरराष्ट्रिय कार्गो सेवा सुरु गर्न सकिए कृषि उत्पादन, औद्योगिक वस्तु र निर्यात व्यापारले नयाँ बजार पाउन सक्छ । भारतसँग प्रत्यक्ष हवाई सम्पर्कलाई विमानस्थलको भविष्यसँग जोडेर हेरिएको छ । नयाँदिल्ली, मुम्बई, कोलकाता, बेङ्गलोर, वाराणसी वा लखनउबाट नियमित उडान सुरु भए भारतीय पर्यटक मात्रै होइन, बौद्ध धर्मावलम्बी, तीर्थयात्री तथा तेस्रो मुलुकका पर्यटक पनि सिधै लुम्बिनी आउन सक्नेछन् । यसले लुम्बिनीसँगै पाल्पा, पोखरा, मुक्तिनाथ र पश्चिम नेपालको पर्यटनलाई पनि प्रत्यक्ष लाभ पुग्नेछ । विसं २०२१ मा घाँसे हवाई मैदानबाट सुरु भएको यो विमानस्थल २०२३ सालदेखि आन्तरिक विमानस्थलका रुपमा हालको स्थानबाट सञ्चालनमा आएको छ । विसं २०७१ माघ १ गते तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले अन्तरराष्ट्रिय विमानस्थलको शिलान्यास गर्नु भई करिब रु ३५ अर्बको लागतमा निर्माण भएको विमानस्थलको २०७९ जेठ २ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले उद्घाटन गरेका थिए ।

## जिल्ला अदालत पाल्पाबाट जारी भएको २१ दिने सूचना

श्री पाल्पा जिल्ला अदालतबाट जारी भएको निल प्रसाद श्रेष्ठको छोरी नवल प्रसाद श्रेष्ठको छोराबुहारी शिव श्रेष्ठको पत्नी पाल्पा जिल्ला माथागढी गाउँपालिका वडा नं ३ घर भई हाल माईतीघर स्याङ्जा जिल्ला साविक वालिङ नगरपालिका वडा नं १ को परिवर्तित वडा नं ९ भुम्रेचोक बस्ने अं वर्ष ३४ की शीला श्रेष्ठका नाउँको ईतलायनामा म्याद:-

वादी शिव श्रेष्ठ र प्रतिवादी शीला श्रेष्ठ भएको मुद्दा नं: ०८२-CP-०६३३ को सम्बन्ध विच्छेद मुद्दामा तपाईका नाउँमा जारी भएको सुरु म्याद बेपत्ते तामेल भई आएकोले यस अदालतबाट मिति २०८३/०३/१७ गते तपाईको नाउँमा पुन: राष्ट्रिय स्तरको दैनिक समाचारपत्रमा ईतलायनामा म्याद जारी गर्ने भन्ने आदेश भएकोले मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा ११४ बमोजिम यो म्याद सुचना प्रकाशित गरिएको छ । यो म्याद सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काईस) दिन भित्र भए सबुत प्रमाण समेत लिई अदालत खुलेको समयमा तपाई स्वयं आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी वा कानून व्यवसायी मार्फत प्रतिउतरपत्र साथ यस अदालतमा हाजिर हुन आउनुहोला । म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ ।

***ईति सम्वत् २०८३ साल असार २४ गते रोज ४ मा शुभम्...........।***




हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई